
जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि



देशवासीको नाममा सम्बोधन
पृष्ठ ४ मा

बर्ष ११ • अंक ६४ • २०८० पौष ११ गते बुधवार • 27 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## बजेट दुरूपयोगको बेथिति अन्त्य गर्दैछौं : अर्थमन्त्री

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १० पौष



अर्थमन्त्री डा. प्रकाशशरण महतले बजेट दुरूपयोगको बेथिति अन्त्य हुने बताएका छन् ।
१७ औं चितवन हात्ती तथा पर्यटन महोत्सवको उद्घाटन गर्दै उनले भने, '३ करोडभन्दा कमको आयोजना केन्द्रले अगाडि बढाउँदैन, १ करोडभन्दा कमको आयोजना प्रदेशले हाल्दैन, १ करोडभन्दा तलको आयोजना स्थानीय सरकारले गर्ने कार्यविधि आइसकेको छ ।' उनले राष्ट्रिय गौरवको आयोजनाबाहेक चार गुणाभन्दा बढी नगर्ने निर्णय भएको समेत बताए । अर्को वर्षदेखि बहुवर्षे आयोजनामा बजेट नराख्ने र ठेकदारले दाबी गर्ने परम्पराको अन्त्य हुने समेत उनले बताए । उनले भने, 'जति बजेट आवश्यक हो, त्यो मन्त्रालयले माग गर्ने व्यवस्था हुँदैछ । यसले आन्तरिक बजेटमा अनुशासन, बेथितिको अन्त्य हुँदैछ ।' अर्थतन्त्रको आवश्यकताअनुसार, समयसापेक्ष मौद्रिक नीति हुनुपर्छ भनेर निरन्तर पहल गरेको समेत उनले बताए । अहिलेको मौद्रिक नीतिले कर्जामा

बांकी पृष्ठ २

## ज्येष्ठ नागरिक दिवसको अवसरमा आज ज्येष्ठ नागरिकबारे पढाउन विद्यालयहरूलाई शिक्षा मन्त्रालयको निर्देशन

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १० पौष




शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बुधबार देशभरका सामुदायिक विद्यालयमा ज्येष्ठ नागरिकका विषयमा पढाउन निर्देशन दिएको छ ।
मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई पत्राचार गर्दै बुधबारको सामाजिक अध्ययन विषयको एक पिरियडमा ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ ।
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बुधबार ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्न अनुरोध गरेको भन्दै शिक्षा मन्त्रालयकी शाखा अधिकृत उषा लामिछानेले सामाजिक अध्ययन विषय पढाइ हुने समयमा ज्येष्ठ नागरिकका विषयमा पढाउन भन्दै पत्राचार गरेकी छन् ।
बुधबार 'ज्येष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान' नारा सहित देशभर राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइँदैछ ।

## ठगी तथा सङगठित अपराध मुद्दामा इन्टरपोल मार्फत धनुषाका एक व्यक्ति कतारबाट पक्राउ

जलेश्वरटुडे समाचारदाता
धनुषा, १० पौष



ठगी तथा सङ्गठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका धनुषाका एक व्यक्तिलाई कतारबाट पक्राउ गरिएको छ । धनुषाको औरही गाउँपालिका–५ का ४४ वर्षीय रजिन्द्र पासमानलाई कतारबाट पक्राउ गरी नेपाल ल्याइएको हो । इन्टरपोल कतारको समन्वयमा पक्राउ परेका उनलाई कारबाहीका लागि सोमबार नेपाल ल्याइएको प्रहरीले जनाएको छ पासमान

बांकी पृष्ठ २

## राष्ट्रिय सभा निर्वाचनको लागि एक सिटका लागि जसपामा नेताहरूको दौडधुप

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १० पौष



राष्ट्रिय सभाको चुनाव जति-जति नजिक आउँदैछ, जनता समाजवादी पार्टीभित्र त्यति नै दबाब बढिरहेको छ। गठबन्धनमा सिट बाँडफाँड हुँदा जसपाले लगभग एउटा सिट पाउने निश्चित छ।
त्यही एउटा सिटका लागि पनि सो पार्टीमा दौडधुप बाक्लिएको छ। केही दिनदेखि पार्टी कार्यालयमा नेताहरूको चहलपहल बढेको छ। राष्ट्रिय सभा सदस्य पाउनका लागि नेताहरु अध्यक्ष उपेन्द्र यादवलाई भेटेर दबाब दिइरहेका छन् । मधेस प्रदेशमा पार्टीको सिट खाली भएकाले जसपाले त्यहाँबाट एउटा सिट पाउने निश्चित छ। तर जसपाले भने आफूले कम्तीमा दुईवटा सिट पाउनुपर्ने भन्दै आइरहेको छ। राष्ट्रिय सभा सदस्यको उम्मेदवार चयनको मापदण्ड तथा सिटको विषयमा छलफल गर्नका लागि आज पार्टी कार्यकारिणी समितिको बैठक

बांकी पृष्ठ २

## जाडोको समयमा चिसोबाट बचौं



- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।






रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी

## जाडोको समयमा चिसोबाट बचौं



- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





लोहारपट्टी नगरपालिकाको कार्यालय,महोत्तरी




## सम्पादकीय ...

# ज्येष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान

आज बुधबार 'ज्येष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान' नारा सहित देशभर राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइँदैछ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आज देशभरका सामुदायिक विद्यालयमा ज्येष्ठ नागरिकका विषयमा पढाउन निर्देशन दिएको छ । मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई पत्राचार गर्दै बुधबारको सामाजिक अध्ययन विषयको एक पिरियडमा ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ। ज्येष्ठ नागरिकलाई सम्मानको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बुधबार ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्न अनुरोध गरेको भन्दै शिक्षा मन्त्रालयले सामाजिक अध्ययन विषय पढाइ हुने समयमा ज्येष्ठ नागरिकका विषयमा पढाउन भन्दै पत्राचार गरेका छन् । सोही अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ मन्त्रालयले ज्येष्ठ नागरिकका विषयमा अध्यापन गराइदिन अनुरोध गर्दै शिक्षा मन्त्रालयलाई पत्र पठाएका हुन् । राष्ट्रिय स्तरबाट यो निर्देशन हुनु वास्तवमा नेपालभरीका ज्येष्ठ नागरिकहरुको सम्मान हो। यसलाई शिक्षालयको कक्षाकोठामा मात्र सिमित नराखेर आजको दिन स्थानिय सरकार,प्रदेश सरकार,विभिन्न समाजसेवी संघसंस्था तथा हामी आफ्नो परिवारको सदस्य जो ६८ वर्ष पुगेर नेपाल सरकारको बृद्धा भत्ता खाइरहेको वा छुटेकाहरुलाई झन फुल,माला,टीका तथा मिठो खानेकुरा खुवाएर सम्मान गरौ र आशिर्वाद लिऔं ।

### ज्येष्ठ नागरिक .......

सोही अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ मन्त्रालयकी महिला विकास अधिकृत सन्ध्याकुमारी यादवले ज्येष्ठ नागरिकका विषयमा अध्यापन गराइदिन अनुरोध गर्दै शिक्षा मन्त्रालयलाई पत्र पठाएकी थिइन्।

### राष्ट्रिय सभा .......

बसेको छ। बैठकमा राष्ट्रिय सभामा कति वटा सिट दाबी गर्नेदेखि उम्मेदवार चयन लगायतका विषयमा कार्यकारिणी समितिको बैठकमा छलफल हुने जसपाका प्रवक्ता एवं कार्यकारिणी सदस्य मनिष सुमनले बताए। उनले भने, 'एउटा सिट पाउने त निश्चित नै छ। तर हामीले थप एउटा सिट मागेका छौँ। एमालेका नौ वटा सिट सबै माओवादी र कांग्रेसले मात्र लिएर हुँदैन। हामीलाई पनि चाहिन्छ भनेका छौँ। हेरौँ के हुन्छ।' राष्ट्रिय सभा सदस्यका लागि नै भनेर पार्टीमा अहिले त्यसरी कसैको दाबी वा दौडधुप नरहेको उनले जिकिर गरे। उनले भने, 'एक वा दुई सिट मात्र हुन्छ भनि सबैलाई थाह छ त्यसैले त्यसमा धेरैको चासो पनि छैन पार्टीले एउटा मापदण्ड बनाएर उम्मेदवार चयन हुन्छ।' प्रवक्ता सुमनले त्यसो भनी रहँदा जसपाका नेताहरू काठमाडौं आएर पार्टीका अध्यक्ष उपेन्द्र यादवलगायत अन्य वरिष्ठ नेताहरूको घरघर पुगेर राष्ट्रिय सभा सदस्यका लागि आग्रह गरिरहेको सो पार्टीका अन्य नेताहरू बताउँछन्। पार्टीका एक नेताले भने, 'अहिले त पार्टी कार्यालयमा कहिले नआउने नेताहरू पनि आउन थालेका छन्, नयाँ नयाँ व्यक्तिहरू पनि देखिन्छन्।' राष्ट्रिय सभा सदस्यका लागि चर्चामा रहेका नेताहरू गोविन्द चौधरी (रौतहट), प्रमीला यादव, निर्मला यादव, चन्देश्वर यादव, उर्मिला महतो, बलराम महतोलगायतको चर्चा रहेको छ। तर अहिलेसम्म पार्टीले त्यस विषयमा केही निर्णय लिएको छैन। आज बसिरहेको बैठकले कस्तो निर्णय गर्छ भन्ने विषयमा सबैको ध्यान केन्द्रित रहेको छ। मधेस प्रदेशमा १०७ प्रदेश सांसदको पाँच हजार ६७१ मत र स्थानीय तहका २७२ जनप्रतिनिधिको पाँच हजार १६८ गरी १० हजार ८३९ मत रहेको छ। त्यसमा जसपाको मत एक हजार ८१७ रहेको छ भने गठबन्धनको कूल मत सात हजार ९९९ रहेको छ। कोशी प्रदेशमा सत्ता गठबन्धनको मत पाँच हजार ४७४ रहेको छ। त्यसमा जसपाको मत १२९ मात्र रहेको छ। त्यस्तै, लुम्बिनी प्रदेशमा गठबन्धन दलको मत पाँच हजार ४७७ रहेको छ। त्यसमध्ये जसपाको मत २७३ मात्र रहेको छ। बागमती, गण्डकी, सुदूरपश्चिम र कर्णालीमा जसपाको मत नै छैन।

### ठगी तथा .......

लगायत अन्य व्यक्तिहरूले पीडितको माछापुच्छ्रे बैंकको खातामा रहेको ९ लाख अनाधिकृत रूपमा ट्रान्सफर गरी उक्त रकम विभिन्न बैंकहरूको एटिएम कार्डबाट निकालेर प्रयोग गरेका थिए। अनुसन्धानको क्रममा उनी वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेको जानकारी भएको थियो । अन्तर्राष्ट्रियस्तरमा खोजतलासका लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ डिसेम्बर ७ मा उनीविरुद्ध रेड नोटिस जारी गरेको थियो ।

### सिंहदरवारबाट .......

जलविद्युत् आयोजनाको थप अध्ययन सुरु भएको जानकारी दिए। त्यस्तै १,९०२ मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत् आयोजनाको अध्ययन सम्पन्न भएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले हाल कार्यान्वयनमा रहेको ९०० मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत आयोजनालाई आफूले सिधै पनि सहजीकरण गरिरहेको र १,०६३ मेगावाट क्षमताको माथिल्लो अरूण आयोजनालाई लगानी जुटाउने कार्य अन्तिम चरणमा पुगेको पनि बताए। आउँदो दुईदेखि तीन महिनाभित्र टेस्टिङ कमिसनिङ भइरहेका थप आयोजनाहरूबाट करिब ५६४ मेगावाट उत्पादन थप हुने जानकारी दिँदै उनले हालसम्म ९,१६४ मेगावाटका जलविद्युत् आयोजनाको निजी क्षेत्रसँग विद्युत् खरिद सम्झौता सम्पन्न भएको र जसमध्ये यस वर्षमात्र करिव २२ सय मेगावाट बराबरको विद्युत् खरिद सम्झौता सम्पन्न भएको स्पष्ट गरे। 'सुनकोशी मरिन डाइभर्सन तथा कमला डाइभर्सन सिंचाइ आयोजनाहरूलाई समेत थप पानी उपलब्ध गराउन सक्ने ६७८ मेगावाट क्षमताको सुनकोशी तेस्रो जलविद्युत् आयोजना पनि सरकारको प्राथमिकतामा छ', प्रधानमन्त्री प्रचण्डले भने, 'राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाहरू अब एआईजडित ड्रोन प्रविधिबाट नियमित अनुगमन गर्ने प्रणाली जडान गरिँदैछ। प्रधानमन्त्री कार्यालयमा रहेको एक्सन रुमबाट यस्ता आयोजनाहरूको नियमित अनुगमन गर्न मैले सुरु गरिसकेको छु।'

*६. असीको दशक तीव्र विकासको दशक*

प्रधानमन्त्रीले अब २०८० को दशक तीव्र विकासको दशक हुने बताएका छन्। 'यस वर्ष ७७६.६१ किलोमिटर कालोपत्रे सडक निर्माण भएको छ भने ५८७.५ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ। यसै अवधिमा १८१.२९ किलोमिटर नयाँ ट्र्याक खोलिएको छ। थप १ लाख ६२ हजार सुरक्षित आवास निर्माण गरी लाभग्राहीलाई उपलब्ध गराइएको छ।' प्रधानमन्त्रीले यो आँकडाले अघिल्ला वर्षहरूभन्दा प्रगति देखाएपनि आफू सन्तुष्ट नभएको स्वीकार गरे। 'नारायणगढ-बुटवल खण्ड वा मुग्लिन-पोखरा खण्डकै उदाहरण लिउँ, जनताले बाटो भत्केको व्याख्या गरिरहेको छ जबकि बाटो त बनिरहेको छ। समयमा आयोजनाहरू पूरा

बांकी पृष्ठ ३


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





एकडारा गाउँपालिकाको कार्यालय,महोत्तरी


## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: आम्दानी हुने
कन्या: लामो यात्राको योग छ
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: अनावश्यक खर्चको संभावना
धनु: अनावश्यक चिन्ता
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# आगामी वर्ष विश्वभर मुख्य खाद्यान्नको आपूर्ति कसिलो हुने

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १० पौष



हालैका वर्षमा खाद्यान्नको उच्च मूल्यका कारण विश्वभर नै किसानहरुले पहिलाका भन्दा धैरै अन्न र तेलहन खेती गर्न थालेका थिए। तर पनि उपभोक्ताहरुले भने आगामी वर्षसमेत कसिलो आपूर्तिको सामना गर्ने देखिएको छ। एल निनोका कारण उत्पन्न प्रतिकूल मौसमी अवस्था, निर्यातमा प्रतिबन्ध आदिका कारण विश्वभर आगामी वर्ष पनि मुख्य खाद्यान्नको आपूर्ति कसिलो हुने देखिएको छ।

कयौँ वर्षयता विश्वमा गहुँ, मकै र भट्मासको मूल्य बढेको थियो। तर सन् २०२३ मा कृष्ण सागर भएर हुने निर्यातमा सुधार आयो र विश्व अर्थतन्त्र मन्दीमा जाने भए आदिका कारण यो वर्ष केही अन्नको मूल्य अवस्था उल्टो पनि देखिएको छ। तर नयाँ वर्षमा खाद्यान्नको मूल्यका कारण आपूर्ति झट्का हुने र खाद्य मुद्रास्फीतिको स्थिति उत्पन्न हुने विश्लेषक र व्यापारीहरुले बताइरहेका छन्। यो वर्ष अन्नको आपूर्ति परिदृश्यमा सुधार देखिएको थियो। केही क्षेत्रमा मुख्य अन्नको उत्पादनमा निकै सुधार देखिएको भएपनि स्थिति अहिले पनि सामान्य भइनसकेको सिड्नीस्थित आईकोन कमोडिटिजमा कृषि बोकरेजका लागि एड्भाइजरी सेवाका निर्देशक ओल होउले भनेका छन्। अप्रिल-मेसम्म एल निनोको स्थिति थियो।

ब्राजिलमा मकै उत्पादन कम हुने देखिएको छ। चीनले पनि विश्व बजार बाट धेरै परिमाणमा मकै र गहुँ किनेर व्यापारीहरुलाई छक्क पारिरहेको छ। सन् २०२४ को आर्धवार्षिक अवधिसम्म एल निनोको प्रभाव रहिरहने प्रक्षेपण गरिएको छ।

# 'सिंघम अगेन'को सेटमा अजय देवगन घाइते

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १० पौष



अभिनेता अजय देवगन फिल्म सुटिङमा घाइते भएका छन्। फिल्म 'सिंघम अगेन' (सिंघम ३ )को सेटमा दुर्घटना भएको कारण उनको आँखामा चोट लागेको हो। फिल्मका निर्देशक रोहित शेट्टी हुन्।

फिल्मको मुम्बई छायाँकन सेड्युल चलिरहेको थियो। फिल्म सेटमा दुर्घटना भएपछि निर्देशक शेट्टीले सुटिङ रोकेका छन्। चोटको विषयमा अजयले डाक्टरसँग परामर्स लिइरहेका छन्। अब फिल्मको सुटिङ २०२४ मा हैदरबादमा हुनेछ। यो मिल्टीस्टार फिल्म हो। फिल्ममा अजयको अलवा टाइगर श्राप, अक्षय कुमार, रणवीर सिंह, दीपिका पादुकोण र करिना कपुर जस्ता कलाकार समेत देखिनेछन्। 'सिंघम' अजयदेवगन र रोहिट शेट्टीको चर्चित फिल्म हो। यसको दोस्रा पार्टको रुमा 'सिंघम रिटर्न्स' बनेको थियो। दुबै सिक्वेले राम्रो ब्यवसाय गरेकोले अहिले तेस्रो पार्ट 'सिंघम अगेन' अर्थात 'सिंघम ३' बनिरहेको हो। 'सिंघम रिटर्नस् 'ले पनि बक्सिअफिसमा २१५ करोड ब्यवसाय गरेको थियो।

# विश्वकपको तयारीमा कुनै कसर बाँकी राखिने छैन : प्रधानमन्त्री

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १० पौष



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले खेल पर्यटनको विकास गर्न सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। सरकार एक वर्ष पूरा भएको अवसरमा देशबासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले भने, 'सुविधासम्पन्न खेल मैदान बिना नै नेपाली क्रिकेट खेलाडीहरुले विश्वकपको यात्रा तय गरे। विश्वकपको तयारीमा कुनै कसर बाँकी राखिने छैन। यो सफलतासँगै अब देशमा खेल पर्यटनको ठूलो आधार तयार भएको छ। त्यसका लागि हामीले पूर्वाधारमा ध्यान केन्द्रित गरेका छौं' कीर्तिपुर रंगशालालाई पिपिपी मोडलमा विस्तार गरिने र मूलपानी, विराटनगर र कैलालीको फाप्ला क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण गर्न थालिएको जानकारी दिँदै प्रधानमन्त्रीले चितवनको गौतम बुद्ध क्रिकेट रंगशालालाई पनि राष्ट्रिय गौरवकै आयोजनाको रूपमा तीन तहकै सरकारको समन्वयमा बन्न थालेको जानकारी दिए।

# पुँजी बजार र बीमा क्षेत्रको सुधारका लागि गम्भीर गृहकार्यमा छौं : प्रधानमन्त्री प्रचण्ड

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, १० पौष



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पुँजी बजार र बीमा क्षेत्रको सुधारका लागि गम्भीर गृहकार्यमा रहेको बताएका छन्। मंगलबार राष्ट्को नाममा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले पुँजी बजार र बीमा क्षेत्रमा मात्रात्मक सुधार भएपनि अपेक्षित सुधार हुन नसक्दा चिन्तित रहेको बताएका हुन्।

उनले यसको सुधारका लागि गम्भीर गृहकार्यमा रहेको बताए। उनले व्यापार घाटामा पनि कमी आएको बताए। उनले यस वर्ष उपभोक्ता मूल्य वृद्धिदर गत वर्षभन्दा २.७ प्रतिशतले कम भएको उल्लेख गरे। प्रधानमन्त्री प्रचण्डले उपभोक्ता मूल्य वृद्धिदर लाई आम जनताले महसुस गर्ने गरी कम गर्न सरकारी नीति र प्रशासनिक क्षमताको सुधार गर्ने काम सरकारको प्राथमिकतामा रहेको बताए। उनले बैंक तथा वित्तीय क्षेत्र र मौद्रिक नीतिमा गरिएका सुधारका कारण बैंकहरुको ब्याजदर एकल अंकमा पुगेको र ऋणको ब्याजदर पनि घटेको बताए। प्रधानमन्त्री प्रचण्डले सबै आर्थिक र कूटनीतिक नियोगहरुलाई लगानी र पर्यटनमा परिणाममुखी परिचालनका लागि आह्वान गरे। उनले कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुखहरुलाई फिर्ता बोलाउने तयारी गरिरहेको पनि जानकारी गराए।

कामनी व्यूटी पार्लर
यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ।
यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।
सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

## सिंहदरवारबाट .......

नहुँदा यस्तो नकारात्मक भाष्यमात्र बनेको छैन, लागत बढेको छ, जनताले ठूलो सास्ती खेप्नुपरेको छ', प्रधानमन्त्रीले भने। अब पूर्वाधारमा कम्तिमा दुई सिफ्टको प्रत्याभूति हुने र सकेसम्म "ब्यारेक मोडल"मा लैजाने गरी आफूले नीतिगत र व्यवहारिक छलफल गरिरहेको उनले बताए। उनले भने, '८० को दशक तीव्र विकासको दशक भन्ने संकल्पसँगै पूर्वाधारमा देशले नयाँ ढङ्गले फड्को मार्नैपर्छ।'

*७.शासकीय सुधार*

प्रधानमन्त्रीले नागरिक जहाँ जहाँ राज्यसँग ठोकिन्छन्, ती सबै बिन्दूमा शासकीय सुधार आफ्नो प्रतिवद्धता रहेको बताएका छन्। 'स्थानीय तहसमेतको सहयोगमा माघ मसान्तभित्र जनघनत्वका आधारमा जिल्ला प्रशासन कार्यालयहरूमा थप जनशक्तिको व्यवस्था गरी राष्रिट्रय परिचयपत्र र राहदानी प्राप्रुत गर्ने समयावधि छोट्याइनेछ', प्रधानमन्त्रीले प्रतिवद्धता जनाएका छन्। उनले राहदानी छपाई कार्यलाई प्रतिस्पर्धाका आधारमा अघि बढाउने र अनलाइनबाटै राहदानी नवीकरणको प्रक्रिया अघि बढाउने तयारी भइरहेको पनि बताएका छन्। उनले वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउने दिशामा सरकार गठनसँगै केही महत्त्वपूर्ण निर्णय गरिएको भन्दै यसबीचमा श्रम स्वीकृति र पुनःश्रम स्वीकृति कार्यलाई पूर्णरूपमा अनलाइन गरिएको बताएका छन्। '२ वर्षे सीमालाई परिमार्जन गरी करार अवधि बमोजिम नै श्रम स्वीकृति दिने व्यवस्था भयो विदेशस्थित नियोगबाटै पुनःश्रम स्वीकृति प्रदान गर्ने व्यवस्थादेखि टेलिमेडिसिन सेवासम्म उपलब्ध गराइयो', उनले भनेका छन्, 'वैदेशिक रोजगारीका क्रममा हुने ठगी नियन्त्रण एवं राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्सल टिम, शीघ्र प्रत्युत्तर टोली, चौबीसै घण्टा गुनासो सुन्रुनेगरी श्रम कल सेन्टर सञ्रुचालनमा ल्याइयो।' यसले वैदेशिक रोजगारमा जाने नागरिकलाई सजिलो बनाए पनि प्रक्रियागत गाँठा फुकाएर मात्र खुसी हुने अवस्था नरहेको बताए। 'विप्रेषणको सदुपयोग र फर्केपछि सीपको सदुपयोगसहितको गुणस्तरीय जीवनका लागि धेरै काम गर्न बाँकी छ, जुन अब मेरो प्राथमिकतामा छ', प्रधानमन्त्रीको भनाइ छ।

*८. औषधीमा आत्मनिर्भर*

प्रधानमन्त्रीले नेपाल औषधी लिमिटेडमार्फत औषधीमा आत्मनिर्भर बन्ने प्रयासस्वरुप पहिलो चरणमा २० प्रकारका औषधी उत्पादनका लागि पूर्वतयारी गरिएको बताएका छन्। उनले हेलो सरकारको कार्यकक्ष व्यवस्थित र प्रविधिसम्पन्रुन बनाई गुनासो सुनुवाइ कार्य चौबीसै घण्टा सुरु गरिएको भन्दै मीटरब्याज, लघुवित्त र सहकारी पीडितहरूलाई न्यायका लागि सरकारले सक्रियता लिएको पनि जानकारी दिएका छन्। 'सरकारले लाखौं भूमिहीन, सुकुम्वासी, अव्यवस्थित बसोबासी र स्वबासीहरूको समस्या समाधान गर्न एकसाथ जग्गाधनी प्रमाणपत्र दिने तयारीमा छ। हालसम्म करिब १० लाख भूमिहीनको लगत संकलन भइसकेको छ', प्रधानमन्त्रीले भनेका छन्, 'जग्गा वितरणका लागि ४१ हजार हेक्टर जग्गा वितरणको लागि नाप नक्साङ्कन गरिएको छ। साथै, कानुनी जटिलता फुकाउन वन ऐन र भूमि ऐन संशोधन तथा राजस्वमा ५० प्रतिशत छूटको निर्णय तत्काल गरिँदैछ।' उनले हरेक वर्ष राष्ट्रिय पर्वकै जस्तो पुरानै समयमा पुरानै माग लिएर उखु किसानले आन्दोलन गर्नुपर्ने बिडम्बनापूर्ण अवस्थाको अब अन्त्य भएको र उखु उत्पादक कृषकहरूलाई प्रतिक्विन्टल रु. ७० अनुदान पाउने गरी उखुको खरिद मूल्य रु. ६३५ प्रतिक्विन्टल तोकिएको जनाएका छन्। 'उखु उत्पादक किसानहरूको बक्यौता अनुदान रकम रु. १ अर्ब ३२ करोड अनुदान वितरणको व्यवस्था मिलाइएको छ', प्रधानमन्त्रीले आफ्नो लिखित सम्बोधनमा भनेका छन्।

*९.संघीयताको गाँठो फुकाउने*

प्रधानमन्त्रीले प्रदेशलाई बलियो बनाएर लैजानुपर्छ भन्ने पक्षमा आफू दृढ रहेको बताएका छन्। 'पछिल्लो समय प्रदेश मुख्यमन्त्रीहरूको असन्तोष मैले सुनेको छु र बुझेको पनि छु। म आज यही सम्बोधनबाट उहाँहरूलाई विश्वास दिलाउँछु, संघीयताका सबै गाँठा निकै छिटो फुकाइँदैछन्', प्रचण्डले भनेका छन्, 'राष्रिट्रय समन्वय परिषद्को पहिलो बैठक मैले नै डाकेको हुँ। सङ्घ, प्रदेश र स्थानीय तहको कार्यसम्पादनमा देखिएको दोहोरोपन र अस्पष्रुटता हटाउन कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गरिँदैछ।' उनले राष्रिट्रय सभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सिफारिसहरू पनि कार्यान्वयनको चरणमा रहेको बताएका छन्। पूर्वाधार विकासमा थप गति दिन संविधानबमोजिम तीन तहका सरकारबिचको कार्यक्षेत्रमा स्पष्टता ल्याई पूर्वाधार विकासका कार्यक्रममा रहेको दोहोरो-तेहेरोपन हटाउने पनि बताएका छन्।'सरकारका तीनै तहबिच प्रशासनिक समन्वय र सहकार्यका लागि नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा प्रदेशका प्रमुख सचिवहरू सम्मिलित प्रशासनिक समन्वय परिषद्को बैठक बसेर आवश्यक काम गरिरहेको छ। संघीयतालाई वास्तविक रूपमा नै कार्यान्वयन गर्न म प्रतिबद्ध र दृढ छु। यसका लागि जरुरी कानुन तुरुन्त ल्याउन म तयार छु', प्रधानमन्त्रीको भनाइ छ।

*१०.मेलम्चीबारेको गलत भाष्य चिर्ने*

प्रधानमन्त्रीले मेलम्चीको पानी काठमाडौंवासीले उपयोग गर्ने सपना अधुरो रहेको आफूले बुझिरहेको बताएका छन्। साथै उनले आफूले मेलम्चीको समस्याका बारेमा सबैसँग छलफल पनि गरेको पनि बताएका छन्। 'मेलम्चीको पानी काठमाडौं आउँदैन भन्ने भाष्यलाई गलत साबित गर्नु छ। १७ करोड लिटर पानी एक महिनाभित्र सुन्दरीजलमा पुऱ्याउने लक्ष्यसहित २८ दिनको कम्प्याक्ट योजनासहित अहिले म काम गरिरहेको छु', प्रचण्डले भनेका छन्, 'मेलम्चीको दोस्रो चरण आयोजना बारे पनि संवाद जारी छ यति मात्रै होइन खानेपानी सम्बन्धी काम गर्ने निकायको संरचनागत सुधार गर्नेतर्फ प्राथमिकता रहनेछ।'सा.रातोपाटी

ADMISSION OPEN !
FROM CLASS PG TO ABOVE

GYAN GANGA INTERNATIONAL PUBLIC SCHOOL
JANAKPURDHAM-12,AIRPORT ROAD
CONTACT : 9824877627/9844027971

# सिंहदरबारबाट जनताको नाममा प्रधानमन्त्रीका १० प्रतिबद्धता सहितको सम्बोधन



प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आफ्नो एक वर्षे कार्यकालमा गरेका काम र आगामी वर्ष गर्ने कामबारे केही प्रतिबद्धता जनाएका छन् । तेस्रो कार्यकालको एक वर्ष पुगेको अवसरमा मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रचण्डले शिक्षा, स्वास्थ्य, केही महत्त्वपूर्ण पूर्वाधार, व्यापार निर्यात र महत्त्वपूर्ण आयोजनाहरुबारे प्रतिबद्धता जनाएका हुन् ।

**यस्ता छन् प्रधानमन्त्रीका मुख्य १० प्रतिबद्धता**

*१.विश्वविद्यालयमा भागबण्डा नहुने*

प्रधानमन्त्री प्रचण्डले अबदेखि विश्वविद्यालयहरुमा राजनीतिक भागबण्डा नहुने घोषणा गरेका छन् । ‘म दलहरू, नागरिक समाज र राज्यका सबै निकायलाई समेत क्रमभंगताको अपिल गर्दछु । अब शीर्ष बैठकहरू सत्ताको वितरण गर्न होइन, विश्वविद्यालयहरू सुधार्न, पर राष्ट्र नीतिमा राष्ट्रको एउटै धारणा बनाउन, रोजगारी सिर्जना गर्न र लगानीका लागि राष्ट्रको छवि सुधार्न बस्नेछन्’ मंगलबार देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले भनेका छन्, मैले त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा घोषणा गरिसकेको छु, अब विश्वविद्यालयहरूमा राजनीतिक भागवण्डा हुनेछैन ।’ संसारको कुनै पनि कुनामा रहेका योग्य नेपालीले विश्वविद्यालय सुधारको प्रष्ट र इमान्दार खाकासहित उपकुलपतिमा दाबी गर्न सक्ने उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले थपे ‘अब मेरि टोक्रेसी सुरु हुनेछ र त्रिभुवन विश्वविद्यालय त्यसको प्रस्थानबिन्दु बन्नेछ । नेपालका विश्वविद्यालयहरू रित्तिँदै जाने, युवा जनशक्तिसँगै पुँजी पनि पलायन हुने डरलाग्दो अवस्था अन्त्य गर्न तथा शिक्षामा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति देशभित्रै उत्पादन गर्न बहुआयामिक कदम चालिँदैछ ।’ विद्यालय शिक्षालाई प्रभावकारी बनाउन अति जरुरी तर तर सात वर्षदेखि कसैले हिम्मत नगरेको शिक्षा विधेयक आफूले संसदमा पेश गरेको उल्लेख गर्दै स्पष्ट गर्दै प्रधानमन्त्रीले भने, ‘यसका कमीकमजोरी सच्याई छिटै पारित गर्न प्रतिबद्ध छु ।’ उनले विद्यालयलाई राजनीतिक क्रीडास्थल बनाउनु हुँदैन भन्ने आफ्नो निष्कर्ष रहेको यसमा म आम शिक्षक,राजनीतिक दल र अन्य सरोकारवालाको साथ चाहिने बताए । भर्नाअगावै सबै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुर्याउन सफल भएसँगै अब यसै शैक्षिक वर्षभित्र शिक्षक विद्यार्थी अनुपातमा सुधार गरिने जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले सात प्रदेशमा सुविधायुक्त स्टुडियो निर्माण गरी दुर्गम र दक्ष शिक्षकको अभाव भएका स्थानीय तहहरूमा रहेका विद्यालयहरूमा आगामी शैक्षिक वर्षदेखि नै सूचना प्रविधिको माध्यमबाट विज्ञान, गणित र अंगेजी विषयको पठनपाठन सुरु गरिने जानकारी दिए । ‘चिकित्सा शिक्षालाई सस्तो र आम जनताको पहुँचमा पुर्याउन तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकारी अस्पतालहरूमा नर्सिङ, प्यारामेडिक्स लगायतका शैक्षिक कार्यक्रम सञ्चालनको गृहकार्य भइसकेको छ । सहिद धर्मभक्त राष्ट्रिय मानव अङ्ग प्रत्यारोपण केन्द्रलाई ५ सय शय्याको अत्याधुनिक अस्पतालका रूपमा विकास गर्न सरकारले प्रक्रिया अघि बढाइसकेको छ’, प्रधानमन्त्री प्रचण्डले भने, ‘प्रादेशिक प्रयोगशालासँगै सरकारी अस्पतालका प्रयोगशालाहरूको शुल्कमा एकरूपता कायम गरिँदैछ । ज्येष्ठ नागरिकका लागि विशेष स्वास्थ्य सेवा सुनिश्चित गर्न ९४ अस्पतालमा जेरियाट्रिक वार्ड स्थापना गरिएका छन् ।’

*२.स्वास्थ्य बीमाको दायरा बढाउने*

प्रधानमन्त्रीले स्वास्थ्य बीमाको दायरा विस्तार गर्ने घोषणा गरेका छन् । ‘२०७४ सालमा म प्रधानमन्त्री हुँदा राष्ट्रिय स्वास्थ्य बीमा ऐन ल्याइएको हो, तर बीमा कार्यक्रम त्यसको भावना र व्यवस्थाअनुसार अघि बढेन । अब यसलाई सुधार्दै मेरै कार्यकालमा बनेको ऐन बमोजिम नागरिकको स्वास्थ्यमा पहुँचको संवैधानिक हकको ग्यारेन्टी गर्ने काम उच्च प्राथमिकतामा हुनेछ’, प्रधानमन्त्रीको भनाइ छ । स्वास्थ्य बीमा ऐन बमोजिम बीमाको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत र प्रक्रियागत सुधार, बोर्डको क्षमता अभिवृद्धि, बलियो अनुगमन र मूल्यांकन संयन्त्र, बिमाको दायरामा वृद्धि र सबैको आबद्धता, उपचारका लागि अस्पताल लगायतका संरचना र सेवाको गुणस्तरमा व्यापक सुधार र जनशक्ति व्यवस्थापनका लागि सरकार तदारूकताका साथ लागिरहेको जानकारी दिँदै उनले बीमाको हालको रकमको दायरा बढाइनेछ र आधार भूतबाहेक हाल सञ्चालित सबै निःशुल्क कार्यक्रमहरूलाई समेत एकीकृत रूपमा स्वास्थ्य बिमामा आबद्ध गरिने प्रतिबद्धता व्यक्त गरे ।

*३.निर्यात बढाउने गरी उत्पादन वृद्धि*

प्रधानमन्त्रीले निर्यात बढाउने गरी उत्पादन वृद्धि गर्न आवश्यक पहल लिने बताएका छन् । यस वर्ष उपभोक्ता मूल्य वृद्धिदर गत वर्षभन्दा २.७ प्रतिशत बिन्दुले कम भएको भन्दै प्रधानमन्त्रीले भने, ‘यो पक्कै उपलब्धि हो तर यसमा सन्तुष्ट भएर राष्ट्र बन्दैन । उपभोक्ता मूल्य वृद्धिदरलाई आमजनताले महसुस गर्ने गरी कम गर्न सरकारी नीति र प्रशासनिक क्षमताको सुधार अब मेरो प्राथमिकतामा छ ।’ उनले बैङ्क तथा वित्तीय क्षेत्र र मौद्रिक नीतिमा गरिएका सुधारका कारण बैङ्कहरूको आधार ब्याजदर एकल अङ्कमा पुगेको र ऋणको ब्याजदर पनि घटेको बताए । ‘यसबाट उत्पादन लागत घटेर उपभोक्ता मूल्यमा समेत सकारात्मक प्रभाव पर्ने निश्चित छ’, प्रधानमन्त्रीको भनाइ छ । व्यापार घाटामा कमी आएपनि निर्यात नबढीकन आयात मात्र घटेर कम भएको व्यापार घाटा दिगो नहुने भन्दै उनले यो वास्तविकता लुकाउन नचाहने बताए । समस्याहरूलाई जनतासँग लुकाएर देश अघि नबढ्ने भन्दै प्रधानमन्त्रीले भने,‘आन्तरिक उत्पादनसँगै निर्यात पनि बढाउने गरी उत्पादन परिमाण वृद्धि गर्न आवश्यक पहल म लिनेछु। विप्रेषण आप्रवाहमा २६ प्रतिशतले वृद्धि भएको छ । अब मेरो ध्यान विप्रेषणसँगै भित्रिने सीप, अनुभव र दक्षताको उपयोग गरी देशभित्र उत्पादन र रोजगारी बढाउनेतर्फ केन्द्रित हुनेछ । म सबै आर्थिक र कूटनीतिक नियोगहरूलाई लगानी र पर्यटनमा परिणाममुखी परिचालनका लागि प्रतिबद्ध छु । कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुखहरू फिर्ता बोलाइनेछन् ।’

*४.बिजुलीको उज्यालो अब देशकै उज्यालो*

प्रधानमन्त्री ‘प्रचण्ड’ले बिजुलीको उज्यालो अब देशकै उज्यालो बन्ने दिशामा अघि बढ्नुलाई लोकतन्त्रको महत्त्वपूर्ण उपलब्धिका रुपमा अर्थ्याएका छन् । नेपाली समाजमा अत्यन्त चिन्ताजनक रूपमा चारैतिर हीनताबोध र नकारात्मकताको डढेलो लगाइँदै गरेको उल्लेख गर्दै ऊर्जा क्षेत्रमा भएको क्रान्तिले मात्रै पनि लोकतन्त्रको भविष्यलाई थप उज्यालो बनाएको टिप्पणी गरे । ‘सकिन्नँ, बन्दैन, हुँदैन भन्ने नकारात्मकताले जरैदेखि समाजको सिर्जनात्मकता मारिरहेको छ । एकथरि तत्त्वले त नियोजित रूपमै यो मानसिकतालाई मलजल गरिरहेका छन्’, उनले प्रश्न गर्दै भने, ‘यस्तो वातावरण बनाउने प्रयास भइरहेको छ कि देशमा सबै नराम्रो मात्र भइरहेको छ । म आज यो प्रश्नबाट सम्बोधन सुरु गर्न चाहन्छु कि के देशमा साँच्चै केही नभएकै हो ? के देश पूर्णरूपमा सम्भावनाहीन बन्दै गएको हो ?’ आफू दोस्रोपटक प्रधानमन्त्री हुनु अघिसम्म देशमा १८ घण्टासम्मको लोडसेडिङलाई नियति मानिएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले आज लगभग सिङ्गो देशमा विद्युत्को पहुँच पुगेको स्पष्ट गरे । ‘वर्षायाममा पनि विद्युत् आयात गर्नुपर्ने अवस्थाबाट आज देश विद्युत् निर्यात गर्ने ठाउँमा पुगेको छ । विगत एक वर्षमा ७०० मेगावाटसम्म विद्युत् निर्यात गरी रु. १५ अर्ब २७ करोड बराबरको विदेशी मुद्रा आर्जन गरिएको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३१.२८ प्रतिशतले बढी हो। पाँच वर्षअघि यो अवस्थाको धेरैबाट कल्पना पनि गरिएको थिएन’, प्रचण्डको भनाइ छ । विक्रम संवत् १९६८ मा फर्पिङ जलविद्युतबाट ५०० किलोवाट विद्युत उत्पादनबाट सुरु भएको नेपालको विद्युतीकरण यात्रामा त्यसपछिका १०४ वर्षमा जम्मा ८०० मेगावाटमात्र उत्पादन क्षमता पुगेको तर विगत ७ वर्षभित्र नेपालको विद्युत उत्पादन क्षमता बढेर २८९२ मेगावाट पुगेको छ र जसमध्ये करिव ५४१ मेगावाट यही एक वर्षमा मात्र थप भएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले भने, ‘विगतका हिसाबले यो एक वर्ष करिब असी वर्ष बराबर हो । तर, मैले यसमा सन्तोष मानेको छैन। मेरो विश्लेषणमा हामीसँग यस क्षेत्रमा भएको सम्भावनाको तुलनामा यो साह्रै सानो उपलब्धि हो । यसै वर्ष भएको मेरो भारत भ्रमणका क्रममा दश वर्षमा दश हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्यका साथ दीर्घकालिन जलविद्युत् सम्झौताको प्रारम्भिक सहमतिमा हस्ताक्षर भएको छ ।’उनले भारतसँग मात्रै नभएर बङ्गलादेशसँग पनि विद्युत् व्यापारको एकदमै नजिक पुगेको र नेपालबाट बङ्गलादेशमा ४० मेगावाटसम्म विद्युत् निर्यात गर्न त्रिदेशीय विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर हुन थालेको जानकारी दिए । आफ्नो चीन भ्रमणको क्रममा नेपाल चीन जोड्ने चिलिमे-केरुङ २२० केभी प्रसारण लाइन अगाडि बढाउने सहमति भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले यो प्रसारण लाइन बन्ने बित्तिकै चीनसँग पनि विद्युत व्यापारको ढोका खुल्ने जानकारी दिए । ‘देशभित्र पनि हामी उद्योग र चुलोदेखि यातायातसम्म विद्युत खपत बढाएर आत्मनिर्भरताको नयाँ युगतिर अगाडि बढ्दैछौं । गम्भीर भएर सोचौं त, देशले हरेक वर्ष कम्तिमा रु. पाँच खर्बको बिजुली निर्यात गर्न र त्यति नै बराबरको आयात प्रतिस्थापन गर्न सक्दा अरु विकसित देशसरह हुन हामीलाई कति नै वर्ष लाग्ला र ?’ उनले प्रश्न गर्दै भने, ‘म निराशावादीहरूलाई सोध्न चाहन्छु, हाम्रो देश यति ठूलो आर्थिक सम्भावनाको नजिक इतिहासमै यसअघि कहिल्यै थियो र ? बिजुलीको उज्यालो अब देशकै उज्यालो बन्ने दिशामा छ। के यो लोकतन्त्रको उपलब्धि होइन र ?’

*५.सरकारको ध्यान अब ‘गेम चेञ्जर’ आयोजनामा*

प्रधानमन्त्रीले अब सरकारको ध्यान गेमचेन्जर ठूला जलविद्युत् आयोजनाहरूमा केन्द्रित भएको बताएका छन् । उनले भारत, बंगलादेश र चीनसमेत हाम्रो विद्युत् व्यापारका साझेदार बन्ने परिस्थिति तयार भएकाले सरकार गेमचेन्जर ठूला जलविद्युत् आयोजनाहरूमा लागेको बताएका हुन् । बुढीगण्डकी जलविद्युत् आयोजनाका लागि पेट्रोलियम पदार्थमा लगाइँदै आएको पूर्वाधार करसमेत सोही आयोजनालाई उपलब्ध गराइने र स्रोतको अभाव हुन नदिने स्पष्ट गर्दै उनले तीन वर्षभित्र सम्पन्न गर्ने गरी नेपाल विद्युत् प्राधिकरणबाट १०,८०० मेगावाट क्षमताको कर्णाली चिसापानी

बांकी पृष्ठ २

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।








जलेश्वर नगरपालिकाको कार्यालय,महोत्तरी

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday